# बुटवल पावर कम्पनी लिमिटेड
# बुद्धनगर, बानेश्वर,काठमाण्डौ

## स्वर्ण महोत्सव समारोह सम्बन्धमा जारी
## प्रेस विज्ञप्ती

यस बुटवल पावर कम्पनी लिमिटेडको स्वर्ण महोत्सव समारोह आज मिति २०७३।१२।१२ गते माननीय उर्जा मन्त्री श्री जनार्दन शर्मा (प्रभाकर)ज्यूको उपस्थितीमा सम्पन्न भयो । सो समारोहमा कम्पनीका संचालक समितिका अध्यक्ष श्री पद्म ज्योतिले यो स्वर्ण जयन्ति कम्पनीले दुईवटा आयोजनाको सिलान्यास (Groundbreaking Ceremony) गरी मनाएको कुरा जानकारी दिनुभयो । यी दुई नयाँ आयोजनाले सन् २०२० मा ६७.६ मेगावाट विद्युत उत्पादन गर्ने कुरा समेत उहाँले बताउनु भयो । कम्पनीको स्थापना काल देखी हालसम्मको अवस्थाका वारेमा जानकारी गराउँदै कम्पनीका चालु तथा आगामी योजनाका विषयमा थप प्रकाश पार्नु भएको थियो । अध्यक्षले कम्पनीको स्थापना काल देखी हालसम्म कम्पनीको प्रगतिमा प्रत्यक्ष तथा परोक्षरुपमा सहयोग गर्नु हुने सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो र भविष्यमा पनि सबै तह तप्काबाट कम्पनीलाई निरन्तर सहयोग प्राप्त हुनेछ भन्ने विश्वास व्यक्त गर्नु भयो ।

यस कम्पनीको स्थापना २०२२ साल पौष १४ गते एक प्राईभेट लिमिटेको रुपमा भएको थियो र यसलाई २०४९ सालमा पब्लिक लिमिटेड कम्पनीमा परिणत गरिएको थियो र २०५९ सालमा निजीकरण गरी निजी, सरकारी, कर्मचारी तथा सर्वसाधरणहरुलाई सहभागी गराई कम्पनीलाई अगाडि बढाइएको थियो । यस कम्पनी आफैंले १२ मेगावाटको झिमरुक विद्युत केन्द्र तथा ९.४ मेगावाटको आँधिखोला विद्युत केन्द्र संचालन गरिरहेको छ । आफ्नै वितरण प्रणाली मार्फत स्याङजा, पाल्पा, प्युठान र अर्घाखाँची जिल्लामा ५०,००० भन्दा बढी ग्रामिण घरधुरीहरुलाई विद्युत सेवा समेत प्रदान गर्दै आएको छ ।

यस कम्पनीको मुख्य लगानीमा ताप्लेजुङ तथा पाँचथर जिल्लामा पर्ने कावेली नदीमा ३७.६ मेगावाटको कावेली ए जलविद्युत आयोजना तथा लमजुङ जिल्लामा पर्ने न्यादी नदीवाट ३० मेगावाटको न्यादी जलविद्युत आयोजनाको निमार्ण कार्यको सिलान्यासको कार्य एकै साथ मिति २०७३।१२।१० मा सम्पन्न भएको छ र ती दुबै आयोजनाहरु सन् २०२० मा सम्पन्न भई संचालनमा आउनेछन् । कावेली ए आयोजनामा इन्फ्राको एसिया, सिङ्गापुर साझेदार रहेको छ भने न्यादी आयोजनामा स्थानीय कम्पनी लमजुङ विद्युत विकास कम्पनी साझेदार रहेको छ ।

नवीकरणीय उर्जाको क्षेत्रमा नर्वेकै ठूलो कम्पनी स्ट्याटक्राफ्ट समेतसंगको सहकार्यमा ६० मेगावाटको खिम्ती प्रथम जलविद्युत आयोजना र क्यानाडाको कम्पनी एससीपी हाईड्रो समेतको सहकार्यमा ४ मेगावाटको खुदी जलविद्युत आयोजना हाल संचालनमा रहेका छन् ।

हाल कम्पनी विद्युत उत्पादन, वितरण, इन्जिनियरिङ परामर्श सेवा, नदीहरुको सेडिमेण्ट अध्ययन तथा हाइड्रोलिक मोडेलहरुको अध्ययन, हाईड्रो इलेक्ट्रिकल तथा हाईड्रोमेकानिकल उपकरणहरुको उत्पादन तथा मर्मतसंभार, विद्युत केन्द्र तथा प्रशारण लाईनहरुको मर्मत तथा संभार सेवा एवं जलविद्युत अयोजनाहरुमा लगानीमा संलग्न रहेको छ । यस कम्पनीले आफ्ना व्यवसायहरु विभिन्न १० वटा सहायक तथा सम्वद्ध कम्पनीहरु मार्फत संचालन गर्दै आएको छ ।

यस कम्पनीको आगामी योजना मनाङ जिल्लामा १०० मेगावाटको लोअर मनाङ मर्स्याङदी जलविद्युत आयोजना र ८.५ मेगावाटको चिनो खोला जलविद्युत आयोजना निर्माण गर्ने रहेको छ । साथै, यस कम्पनीले नयाँ जलविद्युत आयोजनाहरुको पहिचान गरी विकास गर्ने तथा स्टोरेज जलविद्युत आयोजनाहरुमा समेत लगानी गर्ने योजना बनाएकोछ ।

कम्पनीले आफ्नो व्यवसाय विस्तारको लागि आवश्यक पूँजी व्यवस्थापनका लागि तथा कम्पनीमा सर्वसाधारण शेयरधनीहरुको सहभागितालाई बृद्धि गर्नका लागि शेयरहरु नयाँ निष्काशन गर्ने प्रक्रियामा रहेको छ । नयाँ निष्काशन पश्चात् सर्वधारण शेयरधनीहरुको संख्यामा समेत उल्लेख्य बृद्धि हुने अपेक्षा गरिएको छ ।

कम्पनीले आफ्ना शेयरधनीहरुलाई सालिन्दा राम्रो प्रतिफल दिन सफल रहँदै आएको छ । संस्थागत सुशासन तथा पारदर्शिता कायम गर्दै आएको छ । जसको फलस्वरुप विगत ९ वर्ष देखी कम्पनीले नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थावाट लगातार उत्कृष्ट वार्षिक प्रतिवेदन प्रस्तुती अवार्ड प्राप्त गर्दै आएको छ र अन्तराष्ट्रियरुपमा समेत विगत ४ वर्ष देखी साफा (SAFA) मेरिट अवार्ड प्राप्त गर्दै आएको छ ।

संचालक समितिका अध्यक्षज्यूले स्वर्ण महोत्सव समारोहमा व्यक्त गर्नु भएको विचार तथा मिति २०७३।१२।१० मा सिलान्यास गरिएको कावेली ए तथा न्यादी जलविद्युत आयोजनाहरुको संक्षिप्त तथ्यगत विवरण यसै संलग्न रहेको छ ।

धन्यवाद ।

मितिः २०७३।१२।१२